# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरेवा,रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या:-०७९/८०
चलानी नम्बर:-

मितिः- २०७९/११/०२

## सूचना । सूचना ।। सूचना ।।।

**विषयः- गुनासो सुनुवाई कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, (प्रशासन, सहकारी तथा गरिवी निवारण महाशाखा) गरिब पहिचान तथा मापदण्ड शाखा सिंहदरबार, काठमाडौंको प.स. २०७९/०८० च.न. ७४८ मिति २०७९/१०/२४ गतेको पत्रसाथ प्राप्त गरिब परिवारको प्रारम्भिक सूची तपसिल बमोजिम सार्वजनिक गरिएको छ । सो प्रारम्भिक सूची उपर केहि गुनासो भएमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को प्रावधान बमोजिम यो सूचना टाँस भएको मितिले १५ दिनभित्र निवेदन दिनु हुन समेत सम्बन्धित सबैको लागि जानकारीका लागि यो सूचना सार्वजनिक गरिएको छ ।

- गुनासो दर्ता गर्ने आधारः

क. गरिब परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचीमा नपरेको भन्ने लागेमा सम्बन्धित परिवारको १८ वर्ष उमेर पूरा भएको सदस्यले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्न सक्नेछ ।

ख. गरिब परिवारमा समावेश नहुनु पर्नेमा सो सूचिमा प्रकाशन भएको देखिएमा सम्बन्धित स्थानीय तहमा बस्ने जोसुकै व्यक्तिले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

ग. गरिब परिवारको वर्गीकरण गर्दा एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गीकरण गरेको भन्ने विषयमा उजुरी दिनु परेमा सम्वन्धित व्यक्तिले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।



Scanned with CamScanner

- <u>उजुरी गर्ने:</u>

क. कुनै व्यक्तिले उजुरी दिनु पर्दा सम्बन्धित स्थानीय तह वा वडा कार्यालय वा सार्वजनिक स्थानमा सूचना टाँस भएको मितिले १५ दिनभित्र सम्बन्धित स्थानीय तहमा गुनासो सुनुवाई अधिकारी समक्ष अनुसूचि-२ वा अनुसूचि-३ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु स्पष्टसँग भरि निवेदन दिनु पर्नेछ ।

ख. गरिब परिवारको प्रारम्भिक सूचिमा समावेश भएको कुनै परिवारले अनुसूचि-४ बमोजिम गरिब परिवारको सूचिबाट हटाउन अनुरोध गरी स्वघोषणा गर्न सक्नेछ ।

२०८०/११/०२

..............................

(सुरेश भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner